नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-१३ गते बिहान ०७ बजे)**

**आगामी ३ दिन कन्काई, कोशी, नारायणी, तिनाउ, पश्चिम राप्ती, बबई र यसका सहायक नदीजलाधार लगायत प्रदेश १, गण्डकी, प्रदेश ५ र सु.प. प्रदेश भई बहने साना नदीमा बहाव सतर्कता आसपास हुने र केहि साना नदीमा खतरा आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔं ।**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आज बिहानको मापन अनुसार कन्काई, कोशी, नारायणी, बबई, कर्णालीमा बहाव बढ्दो छ, कमला, बागमती, पश्चिम राप्ती,महाकालीमा र यसका सहायक नदीमा बहाव स्थिर छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।**

### बाढी पूर्वानुमान (Flood Forecast)

**पूर्वानुमान आज : श्रावण-१३ (मंगलबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी र नारायणीमा उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने । कोशीको प्रमुख सहायक नदी तमोर, नारायाणीको केहि साना सहायक नदीमा बहाव खतरा आसपास पुग्न हुने । महाकाली, कर्णाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । महाकाली र कर्णालीको केहि साना सहायक नदीमा बहाब सतर्कता पुग्न सक्ने ।**
- **आज कन्काई,कमला, बागमतीमा पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता आसपास हुने । आज कन्काई,कमला, बागमतीमा पश्चिम राप्ती, बबई , पश्चिम राप्ती, बबई , तिनाउ, बाणगंगाका केहि साना सहायक नदीमा आकस्मिक बहाव भई खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।**
- **आज मेचि, विरिङ, निन्दा, बक्राहा, लोहन्द्रा, चिसाङखोला, बुढीखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती, आरूण खोला, तिनाउ, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुट्टिया, स्याउली, चौधर लगायत प्रदेश १, २,५,गण्डकी र सुदूरपश्चिम प्रदेशको चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव बढ्ने र सतर्कता आसपास हुने तथा केहिमा खतरा आसपास हुने ।**
- **आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, खोटाङ, भोजपुर, उदयपुर, सप्तरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, डोटी, अछाम, कालिकोट, दैलेख, डडेलधुरा, बैतडी, बझाङ, बाजुरा र आसपास भई बहने केहि साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने मध्यम सम्भावना छ । आज चितवन, नवलपरासी, तनहूँ, स्याङजा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम,प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर भई बहने साना नदिमा आकस्मिक बहावको उच्च संभावना रहेको छ ।**

**पूर्वानुमान भोलि : श्रावण-१४ (बुधबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- **भोली कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता तह भन्दा केहि मात्र तल हुने । नारायणी, कर्णाली, महाकालीको केही साना सहायक नदीमा बहाब सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **भोलि कन्काई, पश्चिम राप्ती, बबई, तिनाउमा बहाव बढ्ने र सतर्कता आसपास हुने, बागमती, कमलामा पनि बहाव बढ्ने तर सतर्कता भन्दा तल हुने । भोलि कन्काई, पश्चिम राप्ती, बबई , तिनाउ, बाणगंगाका केहि सहायक नदीमा आकस्मिक बहाव भई खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।**
- **भोलि गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली र सु.प. प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र प्रायमा बहाव सतर्कता तह आसपास पुग्ने पूर्वानुमान छ । भोलि चितवन, नवलपरासी, कपिलवस्तु, रूपन्देही, दाङ, गुल्मी, अर्घाखाँची, पाल्पा र आसपास भई बहने साना नदिमा आकस्मिक बहाव भई खतरा तह पुग्न सक्ने उच्च संभावना छ ।**

**पूर्वानुमान पर्सी : श्रावण-१५ (बिहीबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- **पर्सी कोशी,नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने । कोशी, नारायणी, कर्णाली र महाकालीको केहि साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने ।**
- **पर्सी कन्काई, तिनाउ, पश्चिमराप्ती,बबई र यसका सहायक नदीमा बहाव बढ्दो हुने र सतर्कता आसपास हुने, कमला,बागमती र यसका सहायक नदीमा सतर्कता भन्दा तलै हुने। कन्काई, पश्चिम राप्ती,बबई, तिनाउका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव(Flash Flood) भई खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ।**
- **पर्सी प्रदेश १, गण्डकी, प्रदेश ५ र सु.प. प्रदेशको चुरे र तराई भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने तथा प्रदेश १ र ५ का केहि साना नदीमा बहाव खतरा आसपास हुने पूर्वानुमान छ**

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- **आगामी ३ दिन कन्काई कोशी, नारायणी, तिनाउ, पश्चिम राप्ती, बबई र यसका सहायक नदीजलाधार लगायत प्रदेश १, गण्डकी, प्रदेश ५ र सु.प. प्रदेश भई बहने साना नदीमा बहाव सतर्कता आसपास हुने र केहि साना नदीमा खतरा आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।**
- **आज कन्काई, आरूणखोला, पश्चिम राप्ती, बबई , रिउखोला, तिनाउ, बाणगंगाका केहि सहायक नदीमा आकस्मिक बहाव भई खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।**
- **आज आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, खोटाङ, भोजपुर, उदयपुर, सप्तरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, डोटी, अछाम, कालिकोट, दैलेख, डडेलधुरा, बैतडी, बझाङ, बाजुरा र आसपास भई बहने केहि साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान छ। आज चितवन, नवलपरासी, तनहूँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम,प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर भई बहने साना नदिमा आकस्मिक बहावको उच्च संभावना रहेकाले तटिय क्षेत्रमा सतर्क रहौ ।**

  (*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: **पहेलो** रङले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङले **उच्च जोखिमको** संकेत गर्छ ।

## *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**जल तथा मौसम विज्ञान विभाग**

**बाढी पूर्वानुमान महाशाखा**

## मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)

(जारी मिति: २०७७-०४-१३, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

देशभर मनसुनी वायुको प्रभाव रहेको छ। साथै नेपालको तराई भू-भाग नजिक मनसुनी न्युन चापीय रेखा अवस्थित छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशभर सामान्य देखि पूर्ण बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम बर्षा भइरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन १३ गते (मंगलबार)**

दिउँसोः देशभर अधिकांश बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती, गण्डकी र प्रदेश ५ का थोरै स्थानहरुमा तथा कर्णाली र सुदुर पश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर अधिकांश बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती, गण्डकी, प्रदेश ५, र सुदुर पश्चिमका थोरै स्थानहरुमा तथा कर्णाली प्रदेशको एक वा दुई स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेको छ।

**साउन १४ गते (बुधबार)**

दिउँसोः देशभर अधिकांश बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। छ।प्रदेश १, प्रदेश २, बागमती, गण्डकी, प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेशहरुका केही स्थानहरुमा भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर साधारणतया देखि अधिकांश बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। छ। गण्डकी, प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेशहरुका केही स्थानहरुमा र प्रदेश १, प्रदेश २, बागमती प्रदेशका थोरै स्थानहरुमा भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।

**साउन १५ गते (बिहिबार)**

दिउँसोः देशभर साधारणतया देखि अधिकांश बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, बागमती, गण्डकी, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशहरुका थोरै स्थानहरुमा भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर साधारणतया देखि अधिकांश बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ भने गण्डकी, प्रदेश ५, र प्रदेश १ का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**


देशका धेरै स्थानहरुमा **हल्का देखि मध्यम वर्षाको** सम्भावना रहेको छ भने प्रदेश १, प्रदेश २, बागमती, गण्डकी, प्रदेश ५ कर्णाली र सुदुरपश्चिम प्रदेशहरुका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेको छ।

ती स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।


3) *RIMES Rainfall Forecast*

4) *NCMWRF Rainfall Product*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा





*24 Hour Rainfall Forecast Today (9am to 9 am)*





*24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*

5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*

Nepal; Basin:Ganges; Station:Mainachuli;





Nepal; Basin:Ganges; Station:Chatara;




नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

Nepal; Basin:Ganges; Station:Devghat;





Nepal; Basin:Ganges; Station:Butwal;



नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

*9) Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*





| Dates | 7-27 | 7-28 | 7-29 | 7-30 | 7-31 | 8-01 | 8-02 | 8-03 | 8-04 | 8-05 | 8-06 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Percent Exceedance (2-yr) | 0 | 24 | 65 | 75 | 51 | 33 | 37 | 45 | 27 | 8 | 2 |
| Percent Exceedance (10-yr) | 0 | 8 | 33 | 53 | 35 | 14 | 20 | 27 | 12 | 2 | 2 |
| Percent Exceedance (20-yr) | 0 | 4 | 29 | 41 | 24 | 6 | 16 | 14 | 6 | 2 | 2 |

*चित्र: तिनाउको बाढी पुर्वानुमान ।*

*10) Regional Floodoutlook –Ganges-Brahmaputra Basin*

*11) SouthAsia Flash Flood Guidance System (Nepal)*




*Rainfall Forecast for 24 Hour (आगामी २४ घण्टा (विहान ६- विहान ६)को बर्षाको पुर्वानुमान)*

*12) Other Global Flood Forecasts*
*13) Satellite Cloud Picture*
*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।